'ऋतम्भरा' का लागि लेख आह्वान सम्बन्धी सूचना

मिति: २०८३/०५/०२

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रद्वारा निकट भविष्यमै विज्ञसमीक्षित (Peer Reviewed) लेखहरू सङ्कलन गरिएको 'ऋतम्भरा' नामक अनुसन्धानमूलक षाण्मासिकी त्रैभाषिकी पत्रिकाको पूर्णाङ्क २० *(वर्ष-३१, अङ्क-१, 2027)* अन्तर्राष्ट्रिय मानक क्रमाङ्क (ISSN) र DOI (Digital Object Identifier) सहित NepJol मा सूचीकृत गर्ने गरी प्रकाशन गर्न लागिएको बेहोरा सम्बद्ध सबै शोधकर्ता लेखकहरूलाई सादर जानकारी गराउँछौँ। उक्त पत्रिकामा प्रकाशन गर्नका लागि प्रचलित शोधविधिको अनुसरण गरी लेखिएका र यसअघि अन्यत्र प्रकाशन नगरिएका मौलिक शोधलेखहरू आह्वान गरिन्छन् । विज्ञसमीक्षाका लागि निर्धारित सम्पूर्ण प्रक्रियाहरू पूरा गरी उक्त प्रक्रियामा प्रकाशनयोग्य ठहरिएपछि मात्र प्राप्त लेखको प्रकाशन गरिनेछ। विज्ञ परीक्षणबाट अस्वीकृत भएका लेख **ऋतम्भरा**मा प्रकाशन गरिने छैन। प्रकाशनका लागि अयोग्य ठहरिएका लेखहरू फिर्ता गरिने छैनन्, तसर्थ आफ्नो लेखको एक प्रति आफूसँग सुरक्षित राख्नुहोला । लेखहरूको परीक्षणमा उभय अज्ञाततावि‍धि (Double blind peer review method) अवलम्बन गरिने छ। लेख पठाउँदा लेखकले अनुसरण गर्नुपर्ने नियमहरू निम्नानुसार छन् :

१. लेख आफ्नो विषयसँग अनुकूल हुने गरी संस्कृत, नेपाली र अङ्ग्रेजीमध्ये कुनै एक भाषामा लेखिएको हुनु पर्नेछ। संस्कृत र नेपाली भाषाका लेखहरू देवनागरी लिपिको युनिकोड kokila फन्टको १६ प्वाइन्टको अक्षरमा र अङ्ग्रेजी भाषाका लेखहरू Times New Roman को १२ प्वाइन्टमा टङ्कन गरिएको हुनुपर्ने छ। लेख टङ्कन गरिएको पृष्ठको चारै पट्टि एक इञ्च छोडिएको हुनुपर्नेछ। स्पष्टता र सुपठनका लागि लेखका हरेक पङ्क्तिको अन्तराल १.५ हुनु पर्नेछ। लेखमा एउटा सन्दर्भ, प्रसङ्ग वा तर्क समाप्त भएपछि अनुच्छेदपरिवर्तन (Paragraph change) गरिएको हुनु पर्नेछ। नयाँ अनुच्छेद प्रारम्भ गर्दा बायाँतिर एक इञ्च छोडिएको हुनु पर्नेछ।

२. अङ्ग्रेजी भाषामा लेखिएका लेखहरू APA शैलीमा आधारित हुनपर्नेछ। उक्त शैलीमा ३९ शब्दभन्दा माथिको उद्धरणलाई बायाँतिर दुई स्पेस छाडेर ब्लक कोटेसन्स (Block Qutotations) गरेर राखिएको हुनु पर्नेछ। यसरी राख्दा उद्धरणचिह्न आवश्यक हुने छैन। अल्पविराम र पूर्णविरामपछि कोष्ठमा नियमानुसार स्रोतको उल्लेख चाहिँ गर्नु पर्नेछ। अनुसन्धाताहरूले लेख पठाउँदा रिच टेक्स्ट फर्मेटको वर्ड फाइल (Word File/Rich Text Format) मै पठाउनु पर्नेछ।

३. अनुसन्धाताले वेद–वेदाङ्ग–भाषा–साहित्य–कला–धर्मशास्त्र–ज्योतिष–प्राच्यदर्शन आदि शास्त्रीय विषयहरूका साथै विज्ञान–आयुर्वेद–मानवशास्त्र–गणित–योग–प्राकृतिकचिकित्सा आदि प्राविधिक विषयहरूमध्ये कुन चाहिँ विषयमा शोध गरेको हो भन्ने कुरा स्पष्ट निर्देशित गरेको हुनु पर्नेछ। अर्थात् लेखकले आफ्नो लेखको विषयगत र विधागत सम्बन्ध स्पष्ट प्रदर्शन गरेको हुनु पर्नेछ।

४. हरेक लेखको शब्दसीमा न्यूनतम ३००० र अधिकतम ५००० हुनु पर्नेछ।

५. विषयवस्तुको थुप्रो र सूचना वा जानकारीको विश्लेषणविहीन सङ्कलनलाई मात्र अनुसन्धान मानिँदैन। त्यसैले ५००० शब्दहरू रहेको अनुसन्धानात्मक लेखमा कम्तीमा २५०० शब्दमा विषयविश्लेषण गरिएको हुनु पर्नेछ। विषय विश्लेषण अनेक उपशीर्षकहरूमा गर्न सकिने छ। विषय विश्लेषण पनि निर्दिष्ट सिद्धान्तका आधारमा गर्नुपर्नेछ।

६. शोधलेखको शीर्षक विषयगत प्राज्ञिक जिज्ञासायुक्त, सारपूर्ण र औचित्यपूर्ण हुनुपर्नेछ साथै १२ शब्दभन्दा माथिको हुनहुने छैन।

७. अनुसंहित लेखहरूको विषय व्यवस्थापन गर्दा विश्व प्रचलित शैलीहरूमध्ये एपिए (APA) पद्धतिको नवीनतम संस्करण (Latest Edition-7th) लाई आफ्नो विधा र शास्त्रअनुकूल तुल्याएर प्रयोग गरिएको हुनु पर्नेछ । देवनागरी लिपिमा लेखिएका संस्कृत र नेपाली भाषाका लेखहरूको सन्दर्भनिर्देश र सन्दर्भ ग्रन्थसूचीमा प्रौढ शास्त्रीय ग्रन्थहरूको प्रविष्टि दिँदा ग्रन्थलाई प्रमुखता दिने र बीसौँ शताब्दी यताका पछिल्ला आधुनिक ग्रन्थको प्रविष्टि दिँदा लेखकलाई प्रमुखता दिने पद्धति अनुसरण गरिएको र सो कुरा शोधविधिमा उल्लेख भएको हुनु पर्नेछ। देवनागरी लिपिमा लेखिएका संस्कृत र नेपाली भाषाका लेखहरूमा एपिएको सातौँ संस्करणको अनुसरण गरिएको भए पनि सन्दर्भ ग्रन्थसूचीमा प्रकाशन स्थान चाहिँ उल्लेख गरिएको हुनु पर्नेछ।

८. प्रत्येक शोधलेखमा लेखसार, प्रमुख शब्द, विषयपरिचय, पूर्वकार्यसमीक्षा, शोधान्तराल, शोधसमस्या र शोधउद्देश्यको प्रस्तुति, अध्ययनको ढाँचा र विधि, विषयविश्लेषण, निष्कर्ष, कृतज्ञताज्ञापन र सन्दर्भग्रन्थसूची आदि अङ्ग उपाङ्गहरू अनिवार्यरूपमा रहनु पर्नेछ।

९. लेखसार १५०-२०० शब्दसीमामा सीमित रही प्रस्तुत गर्नुपर्नेछ। उक्त लेखसार परिचय, शोधविधि, विश्लेषणको सारप्रस्तुति र निष्कर्ष रहेको इमराड (IMRAD) शैलीमा प्रस्तुत गरिएको हुनु पर्नेछ।

१०. शब्दकुञ्जिकामा तीनदेखि पाँच शब्दमात्र समाविष्ट हुनु पर्नेछ। यसमा त्यस्ता शब्दहरू रहनु पर्नेछ, जसका आधारमा उक्त लेखको विषयबोध गर्न सहयोग पुगोस्। त्यस्ता शब्दहरू वर्णानुक्रममा उपस्थापित गर्नु पर्नेछ।

११. लेखमा लामा लामा उद्धरणहरू रहनु हुँदैन।

१२. लेखको निष्कर्षखण्डमा अनुसन्धित विषयको मूल आशय, सारभूत निष्कर्ष, उपलब्धि र भावी अनुसन्धानका लागि परामर्श पनि प्रस्तुत गरिएको हुनु पर्नेछ।

१३. आवश्यक देखिएको खण्डमा शोधलेखमा सन्दर्भग्रन्थसूचीको ठिक अगाडि सङ्क्षेपीकृतशब्दसूची पनि प्रस्तुत गर्न सकिने छ।

१४. सन्दर्भग्रन्थसूचीलाई वर्णानुक्रममा प्रस्तुत गर्नुपर्नेछ। सन्दर्भग्रन्थसूची प्रस्तुत गर्दा संस्कृत र नेपालीका लेखमा सर्वप्रथम देवनागरी लिपिअनुसारको सूची वर्णानुक्रममा प्रस्तुत गर्नुपर्नेछ र त्यसपछि अङ्ग्रेजी भाषाका ग्रन्थहरूको वर्णानुक्रमसम्बद्ध सूची दिनु पर्नेछ।

१५. अङ्ग्रेजी भाषाको लेख हो भने सुरुमा अङ्ग्रेजी भाषाका सन्दर्भसामग्रीलाई वर्णानुक्रममा र त्यसपछि अन्य भाषाका सामग्रीलाई वर्णानुक्रममा प्रस्तुत गर्नुपर्नेछ।

१६. लेख लेख्दा परिशीलन गरिएका ग्रन्थहरूको सूची लेखको अन्त्यमा अनिवार्य प्रस्तुत गर्नुपर्नेछ। यसरी सन्दर्भसूची निर्माण गर्दा मूलपाठमा उद्धृत गरिएका ग्रन्थहरूको सूची मात्र बनाउनु पर्नेछ। परिशीलन गरिएका ग्रन्थहरूको सूची धेरै देखाउनकै लागि शोधलेखमा उपयोग नगरिएका ग्रन्थहरू सन्दर्भकृतिसूचीमा समावेश गर्नु हुँदैन।

१७. एउटा अनुसन्धान लेख लेख्दा आफ्नो शोधविषयसँग सम्बन्धित कम्तीमा दशवटा मानक ग्रन्थहरूको गहन अध्ययन आवश्यक छ।

१८. भावहरण, विषयापहरण, विचारको पुनरावृत्ति, विपुल उद्धरणहरूको उपयोग र धेरै उपशीर्षकहरूको प्रयोग आदि दोष शोधलेखमा रहनु हुँदैन। हरेक उद्धरण र सन्दर्भसङ्केत नियमबमोजिम प्रस्तुत गर्नु अनिवार्य छ।

१९. प्रकाशनका लागि लेख पठाउँदा निर्धारित ढाँचामा टाइप गरेर पठाउनु पर्नेछ।

२०. लेखको अन्त्यमा लेखकको नाम, पेसा, ठेगाना, मोबाइल नम्बर र इमेल स्पष्ट उल्लेख गरिएको हुनु पर्नेछ।

२१. ऋतम्भराका लागि प्रेषित लेख प्रकाशनका लागि अन्यत्र पठाइएको छैन भन्ने प्रतिबद्धतापत्र पनि समाविष्ट हुनु पर्नेछ।

२२. माथि बताइएका सम्पूर्ण प्रावधानको अनुसरण नगरिएका शोधलेखहरू ऋतम्भरामा प्रकाशित हुने छैनन्।

२३. यसभन्दा अघिल्लो १९ औँ अङ्कमा सहभागी लेखकहरुको लेख यस अङ्कमा प्रकाशित हुने छैन।

२४. दिइएको Google Form बाट पठाइएको लेख मात्र स्वीकार गरिनेछ।

लेख पठाउने विवरण:-

लेख पठाउने ठेगाना:– **Google Form Link Scan →**

https://forms.gle/sd4CKwGfqv9Bo4VZA

लेख पठाउने अन्तिम मितिः - २०८३/०५/३१

सम्पादक मण्डल